# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

प.स.:- २०८२/०८३
च.नं.:-

मिति:-

सूचना प्रकाशित मिति २०८३/०१/१५

## सार्वजनिक सडक क्षेत्राधिकार भित्रको अवरोध हटाउने सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक सडक क्षेत्राधिकार भित्र चौपाया बाँध्ने गरेको, ट्र्याक्टर, ट्रली, झाली, कल्टी, रोटावेटर तथा दाउरा राख्ने गरेको, टाटी बेरा, छाप्रो, घर टहरा लगायतको संरचना बनाएकोले सार्वजनिक बाटो अवरोध हुने गरेको हुँदा सवारी साधन तथा सर्वसाधारण मानिसहरुलाई आवत जावत गर्न अवरोध भईरहेको जन गुनासो आएकोले सडक क्षेत्राधिकार भित्र चौपाया नबाँध्न हुन, ट्र्याक्टर, ट्रली, झाली, कल्टी, रोटावेटर दाउरा नराख्न हुन तथा टाटी बेरा, घर टहरा लगायतका संरचना हटाउन हुन र सडकमा अन्नपात (मकै, धान, सनपाट लगायत) सुकाउने कार्य नगर्न/नगराउन हुन मिति २०८२।१२।३० गते ७ दिने सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम हालसम्म अवरोधहरु हटेको नपाइएकोले हरिनगर गाउँ कार्यपालिकाको मिति २०८३।०१।१५ गतेको बैठक निर्णय बमोजिम सार्वजनिक सडकको मापदण्ड भित्र बनेको घर टहरा र अन्य अवरोधहरु यो सूचना प्रकाशित भएको मितिले १० दिन (मिति २०८३।०१।२४ गते) भित्र हटाउन हुन यो सूचना प्रकाशित गरीएको छ। सो अवधि भित्र नहटाएमा गाउँपालिकाले देहायको कार्यतालिका बमोजिम हटाउने व्यहोरा जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ।

तपसिल

| वडा नं. | मिति | वडा नं. | मिति |
|---|---|---|---|
| १ | २०८३।०२।०१ र ०२ गते | २ | २०८३।०२।०३ र ०४ गते |
| ३ | २०८३।०२।०५ र ०६ गते | ४ | २०८३।०२।०७ र ०८ गते |
| ५ | २०८३।०२।०९, १० र ११ गते | ६ | २०८३।०२।१२ र १३ गते |
| ७ | २०८३।०२।१४ र १५ गते | | |

गफार अंसारी मियाँ
अध्यक्ष